मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीको भोजसिद्ध माविलाई पंखा सहयोग

हेटौंडा, २३ वैशाख/मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-५ निवासी युवा व्यवसायी रुपचन्द्र लोले भोजसिद्ध माध्यमिक विद्यालयलाई-४ थान पंखा (सिलिङ फ्यान) सहयोग गरेका छन् । बढ्दो गर्मीमा विद्यालय आउने बालबालिकालाई पठनपाठनमा समस्या नआओस् र शितल वातारणमा बसेर विद्यार्थीले अध्ययन गर्न सकुन् भन्ने उद्देश्यले पंखा सहयोग गरिएको रुपचन्द्रले बताए । आइतबार विद्यालयमै पुगेर विद्यालयका निमित्त प्रधानाध्यापक अर्जुन पण्डितलाई पंखा हस्तान्तरण गरिएको हो । ११ हजार रुपैयाँको पंखा सहयोगका लागि वीरबहादुर मिजारले सहजिकरण गरेका थिए । कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी, प्राविधिक रुपमा सहयोग गर्ने सन्तबहादुर आले, नवराज बिष्ट, आकाश शाह ठकुरी, रुपचन्द्र मुक्तान, बिष्णुप्रसाद लामिछाने लगायतको उपस्थिति थियो । हाल विद्यालयमा ६०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

# हेटौंडामा विश्वविद्यालयको सम्पर्क कार्यालय,

## अध्यक्षको कार्यकाल लम्ब्याउन ऐन संशोधनको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ बागमती प्रदेश सरकारले हेटौंडामा बागमती विश्वविद्यालयको सम्पर्क कार्यालय स्थापना गरेको छ । प्रदेशको आफ्नै विश्वविद्यालय स्थापनाको तयारी गरिरहेको छ ।

प्रदेश सरकारले प्रदेश उच्च शिक्षा ऐन बनाएको लामो समयपछि आइतबार विश्वविद्यालय सञ्चालनका लागि बागमती विश्वविद्यालयको सम्पर्क कार्यालय स्थापना गरेको हो । हेटौंडा उपमहानगरपालिका-८, कमानेस्थित शिक्षा निर्देशनालयको कार्यालयमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बागमती विश्वविद्यालय सम्पर्क कार्यालयको उद्घाटन गरे । जम्कट्टेलले लामो समयको गृहकार्यपछि विश्वविद्यालय स्थापना गर्ने योजनाले मूर्त रुप पाएको बताए ।

प्रदेश सरकारले स्थापना गरेको विश्वविद्यालय नयाँ मोडेलमा सञ्चालन हुने मुख्यमन्त्रीले दाबी गरे । 'यो विश्वविद्यालयमा सरकारको कुनै हस्तक्षेप हुँदैन, यो स्वायत्त प्राज्ञिक संस्थाका रुपमा सञ्चालन हुन्छ,' उनले भने । उनले प्रदेशको एकल अधिकारको रुपमा रहेको प्रदेश विश्वविद्यालय स्थापना गर्न पाउने अधिकार कार्यान्वयनको प्रक्रिया सुरु गरिएको बताएका हुन् । शिक्षामा कोटा प्रणालीविरुद्धमा प्रदेश सरकार रहेको उनको भनाई छ ।



कार्यालय उद्घाटनमा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेल, प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मुक्तान र सामाजिक विकास मन्त्रालयका सचिव डा. भिष्मकुमार भुसालले विकासको महत्वपूर्ण पक्षमध्ये एक प्रदेश विश्वविद्यालय भएको बताए । यस अघि बागमती विश्वविद्यालयको विधान तयार भइसकेको छ । बागमती विश्वविद्यालयको केन्द्रीय कार्यालय हेटौंडामा रहने भएको छ ।

जम्कट्टेलले सामाजिक विकास मन्त्रालयका सचिव डा. भिष्मकुमार भूसाललाई बोर्ड अफ ट्रस्टीको प्रमाणपत्र प्रदान गरे । बोर्ड अफ ट्रस्टीको प्रमाणपत्र प्रदान गरेसँगै बागमती प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनका लागि थप प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ ।

यसैगरी, बागमती प्रदेश सरकारले संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्षको कार्यकाल लम्ब्याउन उच्च शिक्षा ऐन-२०७८ संशोधनको तयारी गरेको छ । प्रदेश सरकारका सबै विश्वविद्यालयहरु छुट्टाछुट्टै संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को ढाँचामा सञ्चालन हनु कानुनी व्यवस्था छ । ऐनले समितिलाई विश्वविद्यालयको उच्च व्यवस्थापकीय अङ्को रुपमा लिएको छ ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेशबाट उच्च शिक्षा ऐन-२०७८ संशोधन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री गंगा नारायण श्रेष्ठले जानकारी दिए । समिति अध्यक्ष पूर्णकालिन पदाधिकारीको रुपमा कायम रहने व्यवस्था गरेको ऐनमा पदेन सदस्यबाहेक संरक्षक समितिको अध्यक्ष र सदस्यको कार्यकाल ६ वर्षको हुने व्यवस्था छ । तर, यो ऐनअनुसार मनोनित भएका संरक्षक समितिका पदाधिकारीहरुको पहिलो पटक पदावधि कायम गर्न गोला प्रथाबाट दुई जनाको पदावधि २ वर्ष, तीन जनाको पदावधि ४ वर्ष र तीन जनाको पदावधि ६ वर्ष कायम हुने व्यवस्था छ ।

प्रदेश सरकारले उक्त व्यवस्थालाई संशोधन गरी समितिका अध्यक्ष र पदेन सदस्य बाहेकका पदाधिकारीहरुको पहिलो पटक पदावधि कायम गर्दा गोला प्रथाबाट ५ जनाको पदावधि ४ वर्षको र ४ जनाको पदावधि ६ वर्ष कायम गर्न लागेको मन्त्री श्रेष्ठले जानकारी दिए ।

बैठकको निर्णयअनुसार प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले उक्त अध्यादेश जारी गर्नेछन् भने संसद् अधिवेशन आह्वान गरी प्रदेशसभा बैठकमा अध्यादेश पेस गरिने छ । उक्त अध्यादेश जारी भएको ६० दिन भित्र प्रतिस्थापन विधेयक ल्याएर संसद्बाट पारित गर्नुपर्ने हुन्छ ।

विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना हुने विश्वविद्यालय र प्रतिष्ठान छुट्टाछुट्टै संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को ढाँचामा सञ्चालन हुने एनेमा व्यवस्था छ । संरक्षक समिति गठनको तयारी गरेको सरकारले पदाधिकारीको कार्यकाल लम्ब्याउन खोजेको हो । मन्त्री श्रेष्ठले ऐन संशोधन नगरेसम्म पदाधिकारी नियुक्ती गर्न समस्या भएको बताए ।

समिति अध्यक्षले दुई वर्षको गोला तानेको अवस्थामा छिट्टै फेरिने भएका कारण ऐन संशोधन गर्नुपरेको उनको भनाई छ । 'यसो हुँदा कोही पनि नआउने भए, त्यसैले संशोधन गर्न जरुरी देखिएको हो ।,' उनले भने । यसैगरी, मन्त्रिपरिषद् बैठकले डढेलोका कारण आगलागीबाट मृत्यु भएका ललितपुरका दुई जना र रामेछापका एक जनालाई जनही एक-एक लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

# बकैयामा प्रदेशस्तरीय अस्पताल बनाउन माग

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ पूर्वी मकवानपुरको बकैयामा प्रदेशस्तरको अस्पताल बनाउन माग गरिएको छ । बकैया गाउँपालिका उपाध्यक्ष एवम् माओवादी केन्द्र बकैया अध्यक्ष भक्तबहादुर खत्रीले बकैया आधारभूत अस्पताललाई स्तरबृद्धि गरेर प्रदेशस्तरको अस्पताल बनाउन माग गरेका हुन् ।

प्रदेशको राजधानी हेटौंडामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा संचालित हेटौंडा अस्पताल, निजी अस्पताल र क्लिनिक रहेपनि पूर्वीक्षेत्र स्वास्थ्यको पहुँचबाट टाढा भएको बताउँदै बकैयामा प्रदेशस्तरको अस्पताल माग गरिएको हो । हेटौंडामा हेटौंडा अस्पताल सहित निजी अस्पताल र क्लिनिक छ, पश्चिमी क्षेत्र मनहरीमा छिमेकी जिल्ला चितवनमा स्वास्थ्य सेवा लिन सकिने अवस्था छ तर, बकैया स्वास्थ्यको क्षेत्रमा पछाडि परेको उपाध्यक्ष खत्रीले बताए ।

बकैयामा रहेको बकैया आधारभूत अस्पताललाई स्तरबृद्धि गरेर प्रदेशस्तरीय अस्पताल बनाउन सके पूर्वीक्षेत्र बकैया, बागमती सहित छिमेकी जिल्ला ललितपुर, सिन्धुली र काभ्रेका केही भूभागलाई समेत पाएक पर्ने उपाध्यक्ष खत्रीको भनाइ छ ।

हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ, धरान-चतरा-सिन्धुली-हेटौंडा मदन भण्डारी राजमार्ग, निर्माणाधीन तराइ-काठमाडौं जोड्ने द्रुतमार्ग, निर्माणाधीन हात्तिसुँडे सडक र मधेश प्रदेश जोड्ने सडकहरु बकैया-बागमती हुँदै जोडिने भएकाले पछिल्लो समय यहाँ सवारी दुर्घटना र अन्य विभिन्न घटना भएकाले उपचारका लागि पनि बकैयामा प्रदेशस्तरको अस्पतालको माग उठिरहेको हो ।

यो सडकमा अहिले दिनहुँ जस्तो सवारी दुर्घटना हुने र दुर्घटनामा परेर ज्यान गुमाउनुपर्ने अवस्थाले बकैयामै सुविधा सम्पन्न अस्पताल भए चाँडो उपचार हुनसक्ने र मृत्युदर घटाउन सकिने स्थानीयको भनाइ छ । पालिका उपाध्यक्ष खत्रीले बकैयाको आधारभूत अस्पताललाई स्तरबृद्धि गर्नका लागि सरोकारवाला निकायमा पनि ध्यानाकर्षण गराएका छन् ।

उनले बागमती प्रदेशका मुख्यमन्त्री, भौतिक विकास मन्त्री, स्वास्थ्य मन्त्री लगायतलाई ध्यानाकर्णण गराउदा उनीहरु अस्पताल निर्माण र जनताको सेवा दिने विषयमा सकारात्मक रहेको प्रतिक्रिया दिए । पूर्वीक्षेत्रको बकैयामा प्रदेशस्तरको अस्पताल निर्माण भए हजारौं संख्यामा सेवाग्राहीले सहज सेवा पाउने थिए भने हेटौंडा र चितवन नै धाउनुपर्ने अवस्थाको पनि अन्त्य हुने बताइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# दक्ष प्रसुतिकर्मी तालिम केन्द्र स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ हेटौंडा अस्पतालमा दक्ष प्रसुतिकर्मी (एसबीए) तालिम केन्द्रको स्थापना गरिएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयअन्तर्गत रहेको स्वास्थ्य तालिम केन्द्र काठमाडौंको आर्थिक सहयोगमा तालिम केन्द्रको स्थापना गरिएको हो ।

आइतबार प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले एक कार्यक्रमबीच तालिम केन्द्रको उद्घाटन गरे । स्वास्थ्यमन्त्री श्रेष्ठले दिगो विकासको लक्ष्य अनुसार मातृशिशु मृत्युदर न्यूनीकरणमा अन्य प्रदेशको तुलनामा बागमती प्रदेश अगाडि रहेता पनि प्रति लाखमा मातृशिशु मृत्युदर ७५ प्रतिशत हुनु चूनौतिपूर्ण रहेको बताए ।



तालिम केन्द्र स्थापनासँगै पहिलोचरणको दक्ष प्रसुतिकर्मी (एसबीए) तालिम आइतबारबाट सुरु गरिएको छ । ६० दिनसम्म चल्ने तालिममा बागमती प्रदेशका तीन जिल्लाका ८ जना स्वास्थ्यकर्मी सहभागी छन् । प्रतिष्ठानका रजिष्टार एवम् अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य निर्देशनालयका सचिव दीपक तिवारी, स्वास्थ्य तालिम केन्द्रका निर्देशक नरेन्द्र झा, हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीधर अर्याललगायतको उपस्थिति थियो ।

## बागमती प्रदेशमा ११ हजार डेंगु संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ बागमती प्रदेशमा पछिल्लो समय डेंगु संक्रमितको संख्या बढ्दै गएको छ । चालु आर्थिक वर्षको पछिल्लो नौ महिनामा बागमती प्रदेशमा ११ हजार भन्दा बढी डेंगु संक्रमित फेला परेका छन् ।

चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि हालसम्म बागमती प्रदेशमा ११ हजार चार सय ९ जना नयाँ डेंगु संक्रमित फेला परेको बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । त्यसमध्ये सबैभन्दा बढी धादिङमा तीन हजार पाँच सय एक र सबैभन्दा कम रसुवामा दुईजना डेंगु संक्रमित भएको निर्देशानलयका स्रोतव्यक्ति उत्तमप्रसाद प्याकुरेलले जानकारी दिए ।

उनका अनुसार यस अवधिमा काठमाडौंमा तीन हजार, चितवनमा एक हजार सात सय आठ, मकवानपुरमा आठ सय ५७, भक्तपुरमा चार सय ९४, काभ्रेपलाञ्चोकमा एक सय ६७, नुवाकोटमा ८१, दोलखामा ७९, रामेछापमा २७, सिन्धुपालञ्चोकमा ३२ र सिन्धुलीमा २३ जना डेंगु सङ्क्रमित फेला परेका छन् ।

डेंगु संक्रमणबाट हालसम्म मकवानपुरमा एकजनाको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यलय मक्वानपुरले जनाएको छ । गर्मी मौसम सुरु भएसँगै डेंगु संक्रमित अझै बढ्न सक्ने भएकाले जनचेतनामूलक सन्देश प्रवाहसँगै प्रदेशभर लामखुट्टे लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु गर्न लागिएको प्रदेश स्वास्थ्य निर्देशक दीपकप्रसाद तिवारीले जानकारी दिएका छन् ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

हाम्रो कुरा

# स्रष्टा सम्मानमा मकवानपुर

पछिल्लो समयमा मकवानपुरका साहित्यिक संस्थाले स्रष्टा सम्मानमा बिशेष जोड दिएको पाइन्छ । साहित्य संगम, मातृभूमि साहित्य समाज, झरना साहित्य परिवार, आँचल साहित्य परिवार, गजल मञ्च, भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानलगायतले स्रष्टा सम्मान गरिरहेका छन् । साहित्यले समाजलाई दिएको योगदानको कदर गर्न नसके पनि बेलाबेलामा गरिने सम्मानले थोरै भएपनि हौसला मिल्छ नै । चारदसक अघिसम्म साहित्यकारले आफ्नो नाम गोप्य राखेर छदम नाममा साहित्य लेखन गरेका थिए । त्यतिबेला यो कसले लेखेको भनेर लेखक वा सर्जक चिन्न मुस्किल थियो । तर, २०४६ को परिवर्तनपछि सर्जकहरु खुल्दै गए । २०४५ सालसम्मका रचनाहरुका सर्जक जति गोप्य थिए रचना पनि उत्तिकै पठनयोग्य र लोकप्रिय थिए । पछिल्ला दिनमा बिज्ञान र प्रबिधिको विकाससँगै सर्जकका रचनाको ओज भने कमजोर बन्दै गएको आभाष हुन्छ । भूमिगत समयमा लेखिएका रचना र अहिलेको लोकतन्त्रमा लेखिएका रचनाको मूल्य फरक छ । तैपनि सर्जकको संख्या भने बृद्धि भइरहेको छ । सर्जकको संख्यात्मक बृद्धि भन्दा गुणात्मक बृद्धि समाजका लागि बढी लाभदायक हुनेछ । भिम बिराग साहित्य, कला प्रतिष्ठानले सर्जकको गुणत्मक बृद्धि गर्न हौसला दिनका लागि सम्मान कार्यक्रम आयोजना गरेको बताइएको छ ।

प्रतिष्ठानले कला साधक भीम भीम विराग सक्रिय रहेका क्षेत्रहरु साहित्य, सङ्गीत, कला र पत्रकारिता चारवटा क्षेत्रमा हेटौंडा उपमहानगरको सहयोगमा ४ वटा पुरस्कार तथा सम्मान प्रदान गरेको हो । जनही २५ हजार रुपैयाँ राशीको भीम विराग राष्ट्रिय साहित्य पुरस्कार-२०८० कुन्ता शर्मा (सुनसरी), भीम विराग राष्ट्रिय सङ्गीत पुरस्कार-२०८० लाल श्रेष्ठ (मकवानपुर), भीम विराग राष्ट्रिय कला पुरस्कार-२०८० बीएस राना (मकवानपुर) र भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८० जयदेव भट्टराई (ललितपुर) लाई प्रदान गरिएको थियो । प्रतिष्ठानले विगत वर्षहरुदेखि नै भाषा, कला, सङ्गीत तथा विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई निरन्तर समर्पण गर्दै आइरहेको छ । प्रतिष्ठानले तुलसीमाया शिवकुमारी सृजनशील नारी पुरस्कार-२०८० मञ्जु खराल, (मकवानपुर) लाई प्रदान गरेको थियो । मुक्तिगोविन्द वैद्यले स्थापना गरेको पुरस्कारको राशी १५ हजार रुपैया रहेको थियो । यस्तै शिला नारी पुरस्कार-२०८० निरु मगर (मकवानपुर) लाई प्रदान गरि यो । पुरस्कारको राशी १५ हजार रहेको पुरस्कारका संस्थापक आशीष श्रेष्ठ हुन् । रामकृष्ण बानियाँ स्मृति लोकसङ्गीत पुरस्कार-२०८० गीतकार पम्फा थापामगर (मकवानपुर) लाई प्रदान गरिएको थियो । संस्थापक चुन बानियाँ रहेको पुरस्कार राशी २० हजार रुपैयाँ छ ।

यसैगरी, १० हजार राशीको मंगलादेवी स्मृति स्वास्थ्यसेवा पुरस्कार, २०८० सीमा मिश्र (मकवानपुर) लाई प्रदान गरिएको छ । यो पुरस्कारको संस्थापक देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठ हुन् । यस्तै १० हजार राशीको अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार, २०८० अन्जु धिताल (बारा) लाई प्रादन गरिएको छ । दृष्टिविहीन धिताले अध्यापन क्षेत्रमा सक्रिय छिन् । यो पुरस्कारका संस्थापक रोशन सेन गुप्ता हुन् । वरिष्ठ कलासाधक भीम विरागको सम्मानमा २०५९ साल भाद्र ७ गते स्थापना भएको भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रमा क्रियाशील संस्था हो । देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका सर्जक, स्रष्टालाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको छ । संस्थाले मकवानपुरबाट वार्षिक रुपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको छ । भीम विराग नेपाली सङ्गीत क्षेत्रमा सदावहार गीतबाट छाएका सर्जक थिए । उनको ७७ वर्षको उमेरमा फागुन २०६८ मा निधन भएको थियो । गीतकार तथा सङ्गीतकार विराग जीवनका भोगाइ र अनुभूतिलाई गीतमा उतार्न सक्ने सर्जक थिए । उनले कहिल्यै अरुका पीडालाई गीत बनाएनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २५ गते मंगलबार ७ मे २०२४ । चतुर्दशी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२२, सूर्यास्त ६:४० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाू काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइन |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# किन भइरहन्छन् पटक-पटक विवादित निर्णयहरु ?



✍ बालकृष्ण मैनाली

देशको न्यायपालिका राजनीतिक व्यवसायीहरुको चक्रव्यूहमा फसेको छ । कठिन र डरलाग्दो चक्रव्यूहमा फसेको न्यायपालिका त्यहाँबाट उम्किन लरतरो प्रयासले हुँदैन । प्राय: सबै ठूला दलहरु र ती दलका सरकारहरु अदालतलाई आफ्नो प्रभावमा पारी शासनसत्ता सञ्चालन गर्ने सपना बुनेर बसेका छन् अनि सोही अनुसार आफ्नो कदमलाई अगाडि बढाउँदै लाने धृष्टता अहिले पनि भइरहेको छ ।

अबचाहिँ न्यायपालिका सुधारोन्मुखतिर अग्रसर हुन्छ कि भन्ने आशा जनजनले लिन नपाउँदै पुन: कुठाराघातको अनुभूतिले जनजन आघात हुन पुग्छन् । पछिल्लोपटक कांग्रेस सांसद टेकबहादुर गुरुङको भ्रष्टाचारसम्बन्धी मुद्दामा सर्वोच्चले देखाएको सक्रियताको विषयले खबर बजारहरु गर्माएका छन् । भ्रष्टाचारसम्बन्धी मुद्दा अदालतमा दायर मात्र भयो भने पनि सांसद पद स्वत: निलम्बन हुने व्यवस्था छ । तर उहाँको सम्बन्धमा विशेष अदालतबाट भ्रष्टाचार कसुर ठहर हुँदासमेत सर्वोच्चको आदेशमार्फत सांसद पद जीवित हुन पुगेकोमा जनजन आश्चर्यचकित भएका छन् ।

भृकुटीमण्डपस्थित फनपार्कको ६० रोपनी जग्गा न्यून दरमा भाडामा लिएको कारण विशेष अदालतले भ्रष्टाचारको कसुर स्थापित गरेको हो । यो विषयलाई लिएर स्वयं गुरुङले आफू निर्दोष रहेको बारे विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्चमै पुनरावेदन पनि गरेका छन् । पुनरावेदन रिटलाई नै किनारा लगाउन सर्वोच्च लागिपरेको भए सम्भवत: न्यायपालिकाको मुख्य अंग मानिएको सर्वोच्च अदालत यति विवादित बन्ने थिएन ।

जनप्रतिनिधि भनेको वास्तवमा व्यापारी वा ठेकदारको पद ओगट्ने नै होइन । नामै त जनप्रतिनिधि अर्थात् जनताको प्रतिनिधि भनेको जनताको प्रत्येक सुख-दु:खमा साथ र हनुपर्ने निर्वाचित प्रतिनिधिहरु आफ्नो मिल्ने, नमिल्ने व्यापार व्यवसाय ठेक्कापट्टामा लगाई व्यवसाय बनाएर राज्यको सम्पत्ति दोहनमा लागिपर्नु भनेको देशको अभिशाप नै हो । एकातिर आरोप लाग्नु अनि आरोपित कसुर अदालतबाट स्थापित हुनु अनि शुरु अदालतबाट गरेको निर्णय चित्त नबुझी त्यसउपर पुनरावेदन पर्नु, यो सामान्यत: कानुनी उपचारको खोजीमा लागिपर्ने सबैले अवलम्बन गरिने प्रक्रिया हो । तर त्यसको अन्तिम किनारा नलाग्दै कानुनबमोजिम निलम्बन भइरहेको पद सर्वोच्चको आदेशमार्फत निलम्बन फुकुवा हुनु र उक्त आदेश गराउनको लागि कानुनविद्हरु पनि मरिहत्ते गरेर बहस पैरवीमा लागिपर्नु बुझिनसक्नु विषय भएको छ । के यस किसिमको कार्यले कानुनी शासनको परिभाषालाई स्थापित गर्छ ? देशको लागि यो विषय गम्भीर छ ।

सर्वोच्च अदालतको कुनै पनि आदेशलाई नजिरको रुपमा स्वयं सर्वोच्च अदालत र मातहतका अदालतहरु मान्नै पर्ने प्रावधान छ, यस मानेमा के अब सर्वोच्च अदालतलगायत अन्य मातहतका अदालतहरुले यो नजिरलाई आत्मसात् गरेर अगाडि बढनुपर्ने हो ? यदि हो भन्ने यसले गम्भीर रुप धारण गर्न बेर लाग्दैन । यसकारण पनि यो विषयलाई लिएर कसैको निवेदन नपरे पनि सर्वोच्च आफैँले उक्त आदेशलाई पुनरावलोकन गरिनुपर्ने मागहरु सार्वजनिक भएका छन्, कम्तीमा यो कार्य हुन सक्यो भने कतै सर्वोच्चको साख थप गिर्नबाट जोगिने सम्भावनामा वृद्धि हुन्थ्यो । यो आलेख तयार पार्दासम्म यो विषयमा पुनरावलोकनको निवेदन परेको समाचार सार्वजनिक भएको छैन ।

जति आलोचना खेप्नुपरे पनि स्वतन्त्र बन्न सदैव अभाव भोगिरहेको न्यायालिका र न्यायपरिषद्मा सदैव हुने वा नहुने विषयलाई लिएर कचिंगलले मात्र स्थान ओगटिरहनुपर्ने बाध्यतामा न्यायपालिका फस्न पुगेको छ । विगतदेखि हुँदै आइरहेका न्यायिक विचलनहरु रोक्नुको साटो कानुनी छिद्र प्रयोग गर्दै विभिन्न प्रमाणसहित लागेका आरोपहरुबाट उन्मुक्ति पाउँदै जानु भनेको कानुनको शासनको मर्मअनुरुप न्यायपालिका अगाडि बढिरहेको छ भन्ने कुरा स्थापित हुँदै हुँदैन । वास्तवमा राजनीति र न्याय छुट्टाछुट्टै विषय हुन् भन्ने कुराको बहस पटक-पटक उठिसकेको छ र जनजनले त्यसलाई आत्मसात् गरिसकेका छन् । यदि संघीयतालाई सफल कार्यान्वयनमार्फत जनजनलाई राम्रो सन्देश प्रवाह गर्ने हो भने संघीयताको मर्म विपरीत हुने जुनै पनि कार्यलाई राज्यले निस्तेज बनाउन सक्नुपर्दछ तर राज्य यो मामिलामा चुकेको छ ।

कुनै पनि अवस्थामा राज्य स्वयं पीडित बन्नुपर्ने अवस्था सृजना हुनु नै हुँदैन । तर विडम्बना, कतिपय अवस्थामा नेता तथा नेतृत्वको कारण थुप्रै पटक राज्य स्वयं पीडित बनेको अवस्था विद्यमान रहेको छ । सांसदको तहमा पुगिसकेको व्यक्तिबाट राज्यको सम्पत्तिमाथि यो वा त्यो नाउँबाट धावा बोलिन्छ र आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यले सत्ता र शक्तिको दुरुपयोगमार्फत राज्यलाई पीडित बनाइन्छ भने त्योजस्तो विडम्बना अन्य के हुन सक्ला ? न्यायालयमा राजनीतिले प्रश्रय पाउनु वा न्यायालयलाई यो वा त्यो नाउँबाट राजनीतिक रुचिहरुलाई आधार मानेर निर्णय गराउन प्रत्यक्ष, अप्रत्यक्ष भूमिका खेल्नु वा राज्यकै सम्पत्तिको सरोकारको विषयलाई नजरअन्दाज गरी आफ्नो स्वार्थलाई ध्यानमा राखेर आफ्नो पक्षमा माहौल बनाउनु भनेको न्यायिक विचलनमार्फत देशलाई थप अस्थिरतातिर धकेल्नु नै हो । विगतदेखि वर्तमानसम्मका स्वार्थप्रेरित क्रियाकलापहरुले गर्दा अन्तिम आस्थाको केन्द्र भनेर मानिदै आएको एउटा आशाको धरोहर न्यायपालिकालाई पनि सदैव राजनीतिक भुङ्गोमा छटपटिएर इन्तु न चिन्तुको अवस्थामा पुऱ्याइको छ । देशको न्याय, न्यायपालिका र न्यायपरिषद् राजनीतिक दलदेखि सदैव तर्सिराख्नुपर्ने अवस्था सिर्जना हुनु भनेको देशको न्यायपालिका जानी नजानी अधोगतितिर लाग्नु नै हो । जबसम्म सरोकारवालाहरुको बृहत् जमघटले ठोस न्यायिक मार्ग निर्धारण गरेर अर्थपूर्णरुपमा कार्यान्वयन गरिँदैन तबसम्म न्यायपालिका यस्तै किसिमले बेला कुवेलामा गिजोलिइरहने वातावरण बनिरहन्छ ।

न्यायपालिका सुधारको सम्बन्धमा विगतदेखि समय-समयमा दिँदै आइएका नागरिकका सुझावहरु अर्थहीन भएका छन् । नागरिकलाई नागरिकको तहबाट हेरेमा पाप लाग्ला भन्ने डरले शासकहरुमा सदैव घर गरि रहेको छ । नागरिकको कुरा त परै जाओस्, कम्तीमा शासक स्वयं संलग्न रहेको दलभित्रको आफ्नै गुटका सदस्यहरुमा पनि एक-अर्कामा शंकाको घेराले नराम्रोसँग घेरिसकेको छ । गुटको नेतृत्वले गरेको निर्णय आफूलाई अपाच्य भएको अनुभूति हुनासाथ आफ्नै दलविरुद्ध विषवमन गर्दै गुट परिवर्तन वा नयाँ गुटको सिर्जना गर्ने परम्पराको व्यापक विकास भइसकेको छ । पछिल्लो उपनिर्वाचनमा पनि त्यो कुरा उदाङ्गो भएको छ ।

विगतदेखि देशमा भ्रष्टाचार नियन्त्रणको विषय मौखिक र कागजी घोषणापत्रमा अति सुन्दर रुपमा सुसज्जित भएर रहेको रह्यै छ । देशको प्रधानमन्त्रीले भ्रष्टाचारका फाइलहरु खोल्दै जाने उद्घोष बारम्बार गर्ने त गर्छन् र गरेका पनि छन् । उद्घोषअनुसार भ्रष्टाचारका केही फाइलहरु पनि खुल्छन् तर त्यसले अर्थपूर्ण रुपमा सार्थकता पाउँदा नपाउँदै थरीथरीका जालझेलहरुले आफ्नो बाटो समातेर भ्रष्टाचारका मुद्दाहरुलाई निस्तेज बनाउने प्रक्रिया तदारुकताका साथ अगाडि बढेका हुन्छन् । पछिल्ला केही घटनाक्रमहरुले यस कुरालाई राम्रैसँग पुष्टि गरेका छन् । जागरुक समाज निर्माण भइसकेको परिप्रेक्ष्यमा शासकहरु जुन दलको प्रतिनिधित्व गरेर आएको भए तापनि भ्रष्टाचारको समर्थन गर्ने शासक नभएर भ्रष्टाचारलाई कठोर प्रहार गर्न सक्ने शासकमा परिणत हुन सक्नुपर्दछ भन्ने जनजनको भनाइले आजसम्म मूर्तरुप लिनै सकेन ।

सबैका मुखारविन्दबाट बारम्बार प्रस्फुटित भइरहने वाक्य हो कानुनी शासनको स्थापना अथवा विधिको शासनको स्थापना । यो वाक्य न्यायिक कर्मचारी, न्यायाधीश र वकिलको मुखबाट मात्र निस्कने वाक्य होइन, यो सर्वसाधारण जनतालगायत स्वतन्त्र विश्लेषकदेखि लिएर राजनीतिक व्यवसायमा रुचि राख्ने सबै वर्ग, तह र तप्काका मुखहरुबाट सुनिने वाक्य हो । राजनीतिक व्यवसायमा रुचि राख्ने विभिन्न वर्गहरुमध्ये वकिल, पत्रकार, न्यायाधीश, प्राध्यापक, डाक्टर, विद्यार्थी, शिक्षक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कर्मचारी तथा पदाधिकारी, विदेशी नियोगहरु पनि छन् । तिनीहरुका पनि आ-आफ्नै रुचि र अभिष्ट पूरा गर्न प्रयोग गरिने वाक्य हो विधिको शासन । वास्तवमा जनजनले बुझ्ने विधिको शासन भनेको राज्यको संविधान र प्रचलित कानुनमा जे-जति लेखिएको हुन्छ, त्यसलाई नबंग्याई सरलरुपमा जे भनेको छ त्यही मर्मअनुसार क्रियाकलाप सञ्चालन गरिने कार्य हो । जबसम्म यी कुरालाई आत्मसात् गरी कार्यको शुरुवात र सञ्चालन हुँदैन र गरिँदैन तबसम्म कानुनी वा विधिको शासनको नारा खोक्रो मात्र साबित हुन जान्छ ।


जनजनको विश्वास के छ भने, कुनै न कुनै बेला त्यस्तो नेतृत्वले देश सम्हाल्नेछ, जसले न्यायपालिकामा झाँगिएको विकृति र बेथितिहरुबारे कडा प्रहार गर्न किञ्चित पनि आफ्नो राजनीतिक शक्तिको दुरुपयोग गर्ने छैन । यस अर्थमा पनि बारम्बार हुन गइरहने न्यायिक विचलनका विरुद्ध बहसहरुको निरन्तरतालाई कायमै राख्नुपर्ने अनिवार्यता पनि छ । कुन अवस्थामा पुगेर न्यायिक विचलन समाप्त भई सुधारोन्मुख हुन्छ वा हुँदैन भन्ने कुराको तत्काल टुंगो लागिनसकेको भए तापनि भविष्यमा यसले राम्रै गति समाउनेमा जनजन ढुक्क छन् ।

पक्कै पनि विभिन्न आलेखहरुमार्फत आफ्ना विचार पस्केर जनतालाई सुसूचित गराउने र सरकारबाट जानी नजानी भएका गलत क्रियाकलापको समय छँदै सुधार्न सम्मानजनक आलोचनात्मक विचार सार्वजनिक गर्ने आलेखकर्ताहरुलाई 'अब देशमा वेथिति छैन ढुक्क भए हुन्छ, सोचेभन्दा बढी न्यायको अनुभूति गर्छन् नेपाली जनता, खबरदार झुक्किएर पनि घूस खुवाउने कार्य कदापि नगर्नुहोस् कुनै बेला वा समय र परिस्थितिले कोल्टे फेरेछ भने खोरमा जाकिनुहोला' भन्नेजस्ता शीर्षक राखेर लेख्न पाए हुन्थ्यो भन्ने कुराको जति भगवान्सँग प्रार्थना गरे तापनि त्यसले सार्थक रुप धारण गर्न सकेन ।

न्यायालयलाई जनता र सेवाग्राहीहरुले आफ्नो आस्थाको धरोहरका रुपमा हेर्ने गर्दछन् । सबैबाट बहिष्कृत र तिरष्कृत हुँदा पनि न्यायालयमा पुग्न सकियो भने न्याय प्राप्त हुन्छ भन्ने मान्यता राख्ने गरिन्छ न्यायालयलाई । न्यायालयमा विकृति र विचलन आयो भने जनताको आस्था र भरोसा टुट्न जान्छ । न्यायालयमाथि जनताको आशा र भरोसा टुट्न गयो भने त्यो देशमा अराजकताले स्थान ओगट्छ । अराजकताले ओगटेको देशमा कानुनको र विधिको शासन भनेर मुखले मात्रै वकालत गर्नुको अर्थ केही रहँदैन । राज्यको महत्वपूर्ण अंग मानिएको अदालतमाथि जनताको आशा र भरोसा कहिल्यै नटुट्ने गरी स्थिर राख्न राज्य सञ्चालकहरुले जिम्मेवारीसहित कर्तव्य निर्वाह गर्नुपर्दथ्यो । विडम्बना, राजनीतिक व्यवसायीहरुले न्यायपालिकालाई आफ्नो दुनो सोझ्याउने काममा हदैसम्मको दुरुपयोग गर्ने कार्यले निरन्तरता पाइरह्यो, जसको कारण न्यायपालिकाले आजको यो दुर्दिन सहन बाध्य हुनुपरिरहेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सामाजिक सञ्जाल, एक्लोपन र खुसी



✍ कञ्चन न्यौपाने

उमेर ढल्कदैं गरेका आमाबुवा अनि विदेशिएका आफन्त र छोराछोरी । आफन्त खोज्न सामाजिक सञ्जाल छिरेका प्रौढ अनि साथी खोज्न सामाजिक सञ्जाल छिरेका युवा । यस्तोमा दुवैको गुम्दै छ खुसी अनि बढ्दो छ एक्लोपन । यस्तो बेलामा सामाजिक सञ्जालका धेरै फाइदा छन् तर साबधान भइएन भने एक्लोपनमा आगोमा घिउ थपे झैं हुन्छ सामाजिक सञ्जाल । कसरी यस्तो हुँदो रहेछ भन्ने बुझ्न यस्ता सञ्जालले काम गर्ने तरिका थाहा पाइयो भने सजिलो हुन्छ ।

**सामाजिक सञ्जालले कसरी काम गर्छन् ?**

साथीसंगती जोड्ने सुन्दर उद्देश्य लिएर सुरु भए पनि प्रत्येक व्यक्तिको सूक्ष्म गतिविधिको विवरण राख्ने ढड्डा फाँट बनेका छन् सामाजिक सञ्जाल । हामी कतिबेला उठ्छौं, कतिबेला कुन कुन साथीसँग फोनमा कुरा गर्छौं, हाम्रो साइनो सम्बन्ध कुन प्रकारको छ, हामीलाई तरकारीमा के मन पर्छ, हामी के कुरामा खुसी भयौं, हाम्रा आफन्तले टिभीमा के के हेरे, साथीभाइले के खाए, हामीले बजारमा के किन्यौं भन्नेजस्ता हामीसँग जोडिएका मानिस, अभिव्यक्ति, भावना र वस्तुको सिलसिलेवार अभिलेख बनाएर एउटा ढड्डामा राखिन्छ । यो ढड्डामा रहेको हाम्रो जानकारी कसरी प्रयोग गर्ने भनेर संसारका धुरन्धर कम्प्युटर वैज्ञानिक, गणितज्ञ, मनोविज्ञ/चिकित्सकको समूह मिलेर थरीथरी गणितीय सूत्र/'मोडल' बनाइन्छ ।

यसको एउटा काम तपाईंबाट लिइएको जानकारीको विश्लेषण गरी सही भविष्यवाणी गर्नु हो । यो गणितीय सूत्र विलक्षण व्यक्तिको दिमाग जस्तो हुन्छ । हामीले प्रगाढ ठानेको साइनो कति फिक्का छ, हाम्रो समाज भावनात्मकरूपमा कता ढल्किँदै छ, चुनावमा कसलाई भोट हाल्ने मनसाय राखेका छन् क्षणभरमै भनिदिन सक्छ । फरक फरक परि स्थितिमा भएका करोडौं व्यक्तिको भविष्यवाणी एकैचोटि गर्नसक्ने यसको क्षमता वास्तवमै लोभलाग्दो हुन्छ । 'क' भन्ने व्यक्तिको भोलि व्यवहार कस्तो हुन्छ, बेलुका के खान मनपर्छ, यो मान्छे लामो कामबाट आएको छ यसलाई केही नयाँ किन्न मनलाग्दो हो भनेर उसलाई मनपर्ने खाना, लुगा, सयर आदि इत्यादिको आकलन, प्रक्षेपण र प्रचार 'क' भन्ने व्यक्तिले सोच्नुभन्दा पहिले नै ल्याउनु यस्ता गणितीय दिमागको काम हुन्छ ।

'ख' भन्ने व्यक्तिका आफन्त घुम्न निस्केका छून्, 'ख'भन्ने व्यक्तिकी आमा बिरामी छिन्, 'ख' भन्ने व्यक्ति बेचैन भइरहेको छ भन्ने जानकारी पनि फेसबुकलगायतका सामाजिक सञ्जाललाई हुन्छ । यस्तो जानकारी आफूसँग उपलब्ध नभए अरूसँग किन्ने, लेनदेन गर्ने, वा चोर बाटोबाट भए पनि जम्मा गर्ने गरिन्छ । र यस्तो अवस्थाको व्यक्तिलाई के मन पर्छ, के कुरामा पैसा खर्च गर्ने उ उद्यत हुन्छ? त्यसैअनुसारको विज्ञापन या श्रव्यदृश्य सामग्री पनि टुप्लुक्क आइपुग्छन् ।

हामी आफूले सोचेकै कुराको विज्ञापन कसरी आयो होला भन्ने लाग्छ नि । त्यसको पछाडि यस्तै गणितीय सूत्र अथवा 'मोडल' ले काम गरेको हुन्छ ।

यसरी विज्ञापन र श्रव्यदृश्य देखाउँदा फेसबुकलगायत सामाजिक सञ्जाललाई आर्थिक फाइदा हुन्छ ।

**फाइदा भए के भयो त ? हामीलाई के मतलब ?**

यसरी आर्थिक फाइदामा मद्दत पुगोस् भनेर हाम्रो सामाजिक हुनचाहने मानवीय गुण, हाम्रो मनोदशा बुझेर - 'हेर फलानो त घुम्न निस्कियो तिमी घुम्न निस्किदैनौ ? फलानोले त यस्तो किन्यो तिमी किन्दैनौ ? फलानोको त कति साथी र आफन्त छन् तर तिम्रो ? फलानो त कत्ती खुसी अनि तिमी ?' जस्ता प्रश्नले थाहै नदिई सामाजिकरूपमा तुलना गर्न हामीलाई असामान्यरूपमा उक्साइरहनु राम्रो होइन ।

प्रौढ उमेरका मानिसले युवाको जस्तो सामाजिक सञ्जालमा ध्यान नपाउनु वास्तविकता हो । यद्यपि, जस्ले धेरै ध्यान खिच्यो उसैले जित्योजस्तो गरेर सामाजिक सञ्जालले मनोवैज्ञानिक र आर्थिक इनामको व्यवस्था गरिएको हुन्छ ।

राम्रो शरीरमा थुप्रै रसायन हुन्छन् । हामी अचम्म, भयभीत, दुखी वा सुखी हुँदा यी र सायनको मात्रा घट्बढ हुन्छ । सामाजिक सञ्जालले ध्यान खिच्न व्यक्तिका यिनैमध्ये केही रसायन बढाउने जुक्ति लगाएका हुन्छन् । यस्ले गर्दा हामीमा ध्यान पाउनको लागि होडबाजी गर्ने अवस्था आउँछ । यस होडबाजीमा युवामै पनि विभिन्न कारणले अगाडि वा पछाडि पर्छन् ।

यसरी यान्त्रिक उक्साइमा दाँजिएर पछारिँदा एक्लोपन झन् थपिन्छ, बेचैनी पैदा हुन्छ । अरू समूहमा छन् म एक्लो छु, अरूका आफन्त, आमा, बुवा, छोराछोरी, पत्नी साथ छन्, अरू पूरा म अपुरो, अरू खुसी म दुखी, अरू धनी म गरिबजस्ता हीनभावना पैदा गर्छ । अनि त्यही सञ्जालमा आफूलाई खुसी देखाउन मन व्यग्र भइरहन्छ । यो वास्तवमा भएको केही होइन फेसबुकलगायतका सामाजिक सञ्जालले यो थाहा पाउँदापाउँदै हाम्रो मानसिक, सामाजिक, शारीरिक, आर्थिक अवस्थाको जानकारी लिएर रचेको गणितिय कदमको नतिजा हो ।

गर्ने के त ?

आफन्त साथीभाइ टाढा छन्, उनीहरूसँग जोडिनै पऱ्यो । अरू केही काम गर्न सकिँदैन, यसमा सबै थोक हातैमा आउँछ, चलाउनै पऱ्यो?

चलाऔं यस्का सुन्दर पक्ष पनि छन् र यसबाट धेरै फाइदासमेत लिन सकिन्छ । । यसको कार्यविधिबाट सचेत भइयो भने यसबाट पर्ने असरबाट बच्न सहज हुन्छ । यसले मानसिक हानि गर्ने भन्ने सत्य हो । वैज्ञानिक र विश्वविद्यालयहरूले यस्ले गर्ने हानिको सम्बन्धमा थुप्रै अनुसन्धान गरेका छन् ।

हामीमा चिटचिटाहट, हतासा, हीनभावना, उद्वेलन, एक्लोपन बढिरहेजस्तो लाग्छ भने कतै यो मेरो फेसबुकलगायतका सामाजिक सञ्जाल प्रयोगको असर त होइन ? कतै सामाजिक सञ्जालद्वारा ममाथि खेलिएको खेल त होइन भनेर प्रश्न गरौं, मनन् गरौं । सकिन्छ भने एक दिन, एक साता, एक महिना र वर्ष दिनसम्म नचलाई आफूमा आएको मानसिक परि वर्तन हेरौं ।

यसरी खेल्नेको खेल र मनोवैज्ञानिक जाल बुझियो भने हाम्रो खुसी सामाजिक सञ्जालमा खोजिरहनु पर्दैन । खुसी नितान्त वैयक्तिक विषय हो । कसैलाई हिमाल आरोहण गर्दा खुसी लाग्ला कसैलाई सिनेमामा खेल्न । तपाँईलाई जेहेनदार विद्यार्थीलाई दुईवटा किताब किनेर उपहार दिँदा खुसी लाग्न सक्छ । हिमाल आरोही र कलाकारको खुसी १०० र तपाईंको खुसी ९९ भन्ने त हुँदैन नि !

*(साभार: बाह्रखरी*

# मान्छेलाई रोगी बनाउने प्रदूषित हावा



काठमाडौं केही हप्तायता आँखाले प्रष्टै देख्ने र शरीरले तत्कालै महसुस गर्ने गरी वायू प्रदूषण बढेको छ । काठमाडौं लगायत प्रमुख शहरमा धुवाँधुलो त पहिल्यैदेखि थियो, देशभर डढेलो लाग्दा, हावा नचल्दा र पानी नपर्दा वायुमण्डलमा अत्यधिक धुवाधुलोले सास फेर्न नै समस्या भएको थियो ।

दुई हप्तायता धेरै मानिस आँखा पोल्ने, घाँटी खसखसाउने, टाउको दुख्ने र रुघाखोकीको लक्षण लिएर अस्पताल पुगिरहेका छन् । धुवाधुलोका कारण कतिपय दीर्घरोगी त आईसीयूमै राखेर उपचार गर्नुपर्ने अवस्थामा पुगेका चिकित्सकहरु बताउँछन् ।

त्रिवि शिक्षण अस्पतालमा कार्यरत छाती रोग विशेषज्ञ डा. निरज बमका अनुसार पछिल्ला दिनमा श्वासप्रश्वाससँग सम्बन्धित बिरामी अत्यधिक बढिरहेका छन् । उनका अनुसार बहिरंग सेवामा दैनिक सेवा लिन आउने सरदर २५० बिरामीमध्ये आधा भन्दा बढी वायु प्रदूषणबाट निम्तिएको समस्याले अस्पताल पुगेका छन् ।

'ओपीडी, इमर्जेन्सी र आईसीयू श्वासप्रश्वाससम्बन्धी दम र निमोनियाजस्ता रोगका बिरामीले भरिएका छन्', डा. बमले संचारकर्मीसँग भने, 'दीर्घरोग नभएका स्वस्थ मानिसमा पनि श्वास फेर्न गाह्रो हुने, रुघाखोकी र कफसहितको लक्षण देखिनुले हावा अत्यधिक प्रदूषित छ भन्ने प्रष्ट हुन्छ ।'

छाती तथा सघन उपचार रोग विशेषज्ञ डा. राजु पंगेनीका अनुसार श्वास फेर्न गाह्रो हुने, नाक बन्द हुने, घाँटी खसखस गर्ने, खोकी लाग्ने, कफ आउने लगायतका समस्या लिएर आउने बिरामी धेरै छन् ।

उनीकहाँ आइपुग्ने दुई तिहाइभन्दा बढी बिरामी वायू प्रदुषणको असर लिएर आएका छन् । 'ओपीडीमा मात्रै होइन, आकस्मिक तथा आईसीयूमा पनि बिरामीको चाप बढ्दो छ । कतिपयमा अक्सिजन कम हुने, निमोनिया देखिने, श्वास फेर्न गाह्रो भएर आईसीयूमा भर्ना गरिराख्नुपरेको छ', पंगेनीले भने । पंगेनीका अनुसार वायु प्रदूषणको असर दीर्घरोगी वा ज्येष्ठ नागरिकमा मात्रै देखिएको छैन ।

उनको अनुभवमा यसवर्ष वायु प्रदूषणको असर अत्यधिक छ जसका कारण स्वस्थ व्यक्तिमा पनि श्वासप्रश्वाससँग सम्बन्धित समस्या देखिएको छ । 'ओपीडीमा आउने सरदर ६० जनामध्ये २०-२५ जना युवा छन् । जसलाई श्वासप्रश्वास सम्बन्धित समस्या देखिएको छ', डा. पंगेनीले भने, 'कतिपय स्वस्थ मानिस पनि भर्ना भएर नै उपचार गराइराख्नुपरेको छ ।'

डा. पंगेनीका अनुसार वायु प्रदूषणको असरका कारण रुघाखोकी लागेर आएका मानिसमा औषधिले समेत काम नगर्ने अवस्था बनेको छ ।

**सबै अंगमा असर**

काठमाडौंमा वायु प्रदूषण अचानक बढेको होइन र प्रदूषणका कणहरू एक दुई दिनयता आकाशमा जम्मा भएका पनि होइनन् । पछिल्लो समय त काठमाडौंको हावामा वरपरका जंगलमा लागेको डढेलोको धुँवा पनि मिसिइरहेको छ ।

विज्ञका अनुसार लामो समयदेखि पानी नपरेका कारणले वायुमण्डल सुख्खा छ । यस्तो अवस्थामा धुलोका कणहरु अत्यधिक हुन्छन् । काठमाडौं उपत्यका कचौराजस्तो भएकाले धुलोधुँवा सहजै निस्किएर जान पाएको छैन ।

छाती रोग विशेषज्ञ डा. पंगेनीका अनुसार वायु प्रदूषण स्वास्थ्यका दृष्टिले खतरनाक अवस्था हो । अर्थात, वायु प्रदूषणले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ । यसले मानव शरीरमा असर नपुऱ्याउने कुनै त्यस्तो अंग छैन । 'वायु प्रदूषण साइलेन्ट किलर हो, यो देखिँदैन । तर, यसले शरीरका प्रत्येक अंगलाई असर पारिरहेको छ', डा. पंगेनी भन्छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राखेको कृत्रिम फोक्सोले पनि काठमाडौंको वायु प्रदूषणको अवस्थाबारे जानकारी दिन्छ । वायु प्रदूषण घटाउन चेतना अभिवृद्धि गर्ने उद्देश्यसहित २०७९ चैत २४ गते मन्त्रालयले यूएसआईडी र डब्लूएचओको सहकार्यमा मन्त्रालय परिसरमा कृत्रिम फोक्सो जडान गरेको थियो ।

मन्त्रालयले राखेको १५ दिनमै उक्त कृत्रिम फोक्सो नचिनिने गरी कालो भएपछि त्यसलाई हटाइएको थियो । आइतबार काठमाडौं विश्वकै दोस्रो प्रदूषित सहरको रुपमा सूचीकृत भएको छ । एयर क्वालिटी इन्डेक्सको आइतबारको तथ्यांक अनुसार समग्र वायुको गुणस्तर सूचकाङ्क (एक्यूआई) काठमाडौंको १७७ पुगेको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार एयर क्वालिटी इन्डेक्स (एक्यूआई) ५० भन्दा बढी रहेको वातावरण मानव स्वास्थ्यका सामान्य मानिन्छ । त्यसभन्दा माथि १५० सम्मलाई श्वासप्रश्वास सम्बन्धी रोग भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका, किशोरकिशोरीका लागि अस्वस्थ मानिन्छ ।

त्यस्तै, २०० सम्मलाई अस्वस्थ, त्यसभन्दा माथि ३०० सम्मलाई हानिकारक र ३०० भन्दा माथिलाई जोखिमयुक्त मानिएको छ । यो स्तरको प्रदूषणमा प्रतिघनमिटर १९५ माइक्रोग्राम 'पीएम २.५' हुन्छ ।

हावामा हुने १० माइक्रोमिटरभन्दा साना धूलो वा धूवाँका कणलाई 'पीएम २.५' भनिन्छ । त्यो भनेको कपालभन्दा पाँच गुणा सानो कण हो । '२ माइक्रोग्राम भन्दा साना धुलो, वा धुँवाका कणहरू सिधै रगतको माध्यमबाट मुटु वा मिर्गौलासम्म पुग्छन्', डा. पंगेनीले भने, 'वायु प्रदूषणले असर नपुऱ्याउने कुनै त्यस्तो अंग छैन ।' घरभित्र र बाहिरको वायु प्रदूषणका कारण प्रत्येक वर्ष विश्वमा ७० लाख मानिसको मृत्यु हुने डब्लूएचओको तथ्यांक छ ।

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार नेपालमा वायु प्रदूषणबाट बर्षेनी ४२ हजार जनाको मृत्यु हुने गरेको छ । जसमध्ये १९ प्रतिशत पाँच बर्षमुनिका बालबालिका र २७ प्रतिशत ७० वर्षभन्दा माथिका मानिस छन् । वायु प्रदुषणका कारण नेपालीको आयू ४.१ प्रतिशतले घटाइरहेको उक्त तथ्यांकमा उल्लेख छ ।

दीर्घकालीन फोक्सोको रोग (सीओपीडी) नेपालमा हुने मृत्युको ठूलो कारणमध्ये एक हो । मन्त्रालयको तथ्यांक अनुसार सीओपीडी भएका ६६ प्रतिशतको मृत्यु हुन्छ । 'जमिनको सतहको केही मिटर माथि नै लेयर बनाएर बसेको प्रदूषित हावाबाट हामीले श्वास फेरिरहेका छौं । जुन हावा हाम्रो सिधै फोक्सोमा प्रवेश गरिरहेको छ । जसले अल्पकालीन तथा दीर्घकालीन समयसम्म फोक्सोलाई असर गर्छ', त्रिवि शिक्षण अस्पतालका छातीरोग विशेषज्ञ डा. बमले थपे ।

**चुरोटको धुँवा जत्तिकै घातक काठमाडौंको हावा**

डा. बमका अनुसार प्रदूषित हावामा रहेका कणहरु श्वासनली, फोक्सो हुँदै रगतसम्म पुग्छ र शरीरभरि फैलिन्छ ।

पीएम २.५ स्वास्थ्यका लागि खराब मानिन्छ । त्यसका साथै निकोफिन, क्याटमियम, नाइट्रोजन डाइअक्साइड, सल्फर डाइअक्साइड जस्ता क्यान्सरजन्य पदार्थहरू समेत रहेका हुन्छन् ।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजु हावामा भएका मसिना धुलोको कण पीएम २.५ र अन्य विभिन्न सूक्ष्म कण स्वास्थ्यका लागि हानिकारक छ । हानिकारक पदार्थहरू रगतमा पुगेपछि रगतलाई कडा बनाइदिन्छन् । जसका कारण विभिन्न अंगलाई असर गर्छ ।

प्रदूषणले श्वासप्रश्वास सम्बन्धी स्वास्थ्य समस्याका साथै फदयघात, मस्तिष्कघात, आँखा, उच्च रक्तचाप, छालासम्बन्धी रोग र क्यान्सर समेत निम्त्याउने कोजुले बताए । 'वायु प्रदूषणका कारण नाक पोल्ने, नाक सुख्खा हुने, घाँटी खसखसाउने तथा आँखामा असर तत्काल हुने हुन्छ', डा. कोजुले भन्छन्, 'वायु प्रदूषणमा शरीरलाई हानी गर्ने विभिन्न तत्व हुन्छन् । जसले फोक्सो, रक्तनली, मुटुमा नराम्रो असर पारिरहेको छ ।'

तर यी असर आजको-भोलि भने देखिँदैनन् । उनका अनुसार हावामा मिसिएको दूषित कणले साइलेन्ट किलरको रुपमा ज्यान लिइरहेको हुन्छ । 'वायु प्रदूषणले एकैचौटि निसासिएर मानिस मर्दैन । विस्तारै साइलेन्ट किलरको मानिसलाई मारिरहेको छ', डा. कोजुले भने, 'वायु प्रदूषणले आयूलाई क्रमश: घटाउँदै लगेको छ ।'

डा. बमका अनुसार वायु प्रदूषणले मस्तिष्कघात र फदयघातको समेतसम्भावना बढाइदिन्छ । 'वायू प्रदुषणले प्रत्यक्ष रुपमा फोक्सोमा असर गरेको देखिएपनि फदयघात हुने, मस्तिष्कघात तथा मानसिक समस्या पनि ल्याउने गर्छ । त्यस्तै, कपाल झर्ने, छाला चाउरी पर्ने, आँखामा समस्या तथा पाचन प्रणालीमा समेत असर पार्ने हुन्छ', डा. बमले थपे । फोक्सो र सघन उपचार विशेषज्ञ डा. पंगेनीका अनुसार हावामा रहेको दूषित कणले रगतमा पुगेर 'रियाक्सन' गर्छ । जसका कारण दीर्घरोगीमा रोग बल्झिन्छ भने कतिपयलाई नयाँ रोग समेत लाग्ने गर्छ ।

पहिले दम रोग धुमपान गर्ने मान्छेमा मात्र हुने भनिन्थ्यो । हिजोआज वायु प्रदूषणका कारण स्वस्थ उमेरका मानिस तथा कहिल्यै धुमपान नै नगरेका मानिसहरुमा पनि फोक्सोको क्यान्सर र दम लगायतका समस्या देखिन थालेको छ । विश्व स्वास्थ्य संगठनले सास फेर्नका लागि मानेको स्वच्छ हावाभन्दा नेपालको हावा धेरै खराब छ ।

चुरोटको धुवाँले मानव शरीरलाई हानी गरेजस्तै वायु प्रदूषणमा पनि सयौं हानिकारक ग्यास, केमिकल र धुलोका साना कण सँगसँगै सल्फरडाइअक्साइड, कार्बन मोनोअक्साइड, ओजन, नाइट्रोजन अक्साइड लगायत विभिन्न हानिकारक ग्यास हुन्छ ।

'वायु प्रदूषणमा भएको यी विभिन्न हानिकारक तत्वहरुले श्वासनलीमा असर गर्ने, फोक्सोमा असर गर्ने र शरीरको सम्पूर्ण अंगमा चुरोट खाने मान्छेको जस्तै असर गर्छ', डा. पंगेनी भन्छन्, 'अहिलेको हावामा सास फेर्नु भनेको दैनिक ५ भन्दा खिल्ली चुरोट खाए बराबर हो ।'

छाती रोग विशेषज्ञ डा. बम अनुसार अहिलको वायु प्रदूषणले धुमपान गरिरहेका मानिसको सरह नै असर गरिरहेको छ । 'जीवनभर धुमपान नगरेको मानिसमा पनि फोक्सो, पाचन प्रणाली तथा घाँटीको क्यान्सर देखिएको छ । यसको प्रमुख कारण नै वायु प्रदूषण हो', डा. बमले थपे ।

वायु प्रदूषणको मात्रा बढी भएमा त्यसले रोगसँग लड्ने क्षमता कम भएको मानिसलाई बढी असर गर्छ ।

जस्तै पाँच वर्षभन्दा मुनिका बालबालिका, ६५ वर्ष नाघेका वृद्धवृद्धा, दम, एलर्जी, दीर्घरोगी जोकोहीलाई पनि वायु प्रदूषणले असर गर्नसक्छ । सँगसँगै प्रदूषणका कारण खोक्न सक्ने क्षमता कम हुन्छ । वृद्धवृद्धालाई खोकेर खकार निकाल्न नसक्ने समेत अवस्थामा पुऱ्याउँछ ।

यस्तै वायु प्रदूषणले खुला स्थानमा लामो समय काम गर्नेलाई बढी असर गर्छ । विशेष गरेर घर बाहिर खेल्न मन पराउने बालबालिका, ड्राइभर, प्रहरी तथा कलकारखानामा काम गर्ने मानिसमा वायु प्रदूषणले छिटो असर गरिरहेको डा. पंगेनी सुनाउँछन् ।

विज्ञका अनुसार वायु प्रदूषणको जोखिमबाट बच्न घर बाहिर हिंडडुल गर्दा मास्कको प्रयोग गर्ने, मानवबस्तीको बीचमा उद्योग र कलकारखाना नखोल्ने, पुराना सवारीसाधन हटाउने र नयाँ सवारी साधनको चेकजाँच गरेर अनुमति प्राप्त सवारी साधन मात्र सञ्चालनमा ल्याउने गर्नुपर्छ ।

यस्तै इन्धनको रूपमा दाउरा, कोइलाको सट्टा, गोबरग्यास, विद्युत शक्ति र सौर्य ऊर्जाको प्रयोगमा जोड दिने, पूरा शरीर ढाक्ने खालका कपडा लगाएर हिंड्ने, बाहिर हिंड्दा छाता, क्यापको प्रयोग गर्ने आदि गर्नुपर्छ । *(स्रोत: अनलाइनखबर)*

# प्रकाश सपूतले घोषणा गरे 'वसन्त', चैते दशैंमा रिलिज



काठमाडौं/गायक तथा संगीतकार प्रकाश सपूतले अब फिल्म निर्देशन गर्ने भएका छन् । उनको डेब्यु निर्देशनमा बन्न लागेको फिल्म 'वसन्त'को आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच टिजर सार्वजनिक गर्दै निर्माण घोषणा गरियो । टिजरले फिल्मको कथासार बुझाएको छ । फिल्ममा प्रकाशको निर्देशनसँगै अभिनय, लेखन तथा संगीत पनि रहनेछ ।

आगामी चैते दशैंलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्ममा प्रकाशको जोडी भएर अभिनेत्री स्वस्तिमा खड्का प्रस्तुत हुनेछिन् । यसअघि उनीहरुले दुई गीत (जाले रुमाल फाट्यो र कुरा बुझ्नु पर्छ)मा सहकार्य गरेका थिए । प्रकाशले आफ्नो चर्चित गीत 'गलबन्दी'लाई प्रोडक्सन कम्पनीको रुपमा दर्ता गरेर फिल्मको निर्माण गर्न लागेका हुन् । यसमा प्रकाश घिमिरे, अनुप बराल र कमलमणि नेपालको पनि अभिनय रहनेछ ।

मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नेन्सि शेरचन कार्यकारी निर्माता रहेको फिल्मको मुख्य सहायक निर्देशकमा प्रकाशकै सहोदर भाई सुनिल वि.क. छन् । फिल्मको छायांकन आगामी भदौबाट सुरु हुने जनाइएको छ । यसअघि प्रकाशले सेभेन सीजको निर्माणमा बन्न लागेको फिल्म 'पूर्णबहादुरको सारंगी'मा काम गर्नेछन् ।

'वसन्त'को टिजरले फिल्मको कथावस्तुबारे महत्त्वपूर्ण प्रकाश पारेको छ । वर्ण व्यवस्था र जात व्यवस्थाले सदियौंदेखि पिल्सिएको एउटा तप्काको कथा फिल्म भन्ने टिजरले प्रष्ट पार्छ । प्रकाशको पात्र (वसन्त)लाई लेखनप्रति रुचि देखिन्छ, जो विश्वकर्मा परिवारका हुन् । स्वस्तिमा भने कथित माथिल्लो जातकी युवती (शान्ति)को भूमिकामा छिन् । प्रकाश र स्वस्तिमाबीचको प्रेमलाई पनि टिजरमा देखाइएको छ ।

प्रकाशले आफ्नो भोगाईको चित्रण 'वसन्त'मा गरिएको जानकारी गराए । उनले भने- 'मैले जस्तो जीवन भोगें, त्यसैको चित्रण फिल्ममा गरिएको छ । त्यसलाई अलिकति फिल्मांकन गरेका छौं । केही वास्तविक घटना-परिघटनालाई पनि बुनिएको छ । फिल्ममा त्यस्तो उतार-चढाव छैन । फूलफूल गाँसेर माला बनेजस्तै हाम्रा दु:ख-सु:ख गाँसेर 'वसन्त' बनेको छ ।'

स्वस्तिमाले महिलालाई पर्दामा बलियो तरिकाले प्रस्तुत गर्नुपर्छ भन्ने प्रकाशको सोच आफूलाई मनपर्ने धारणा व्यक्त गरिन् । 'जुनसुकै विषय भए पनि महिलालाई सशक्त रुपमा प्रस्तुत गर्नुपर्छ भन्ने उहाँको सोच मलाई मनपर्छ । यसले गर्दा पनि यो फिल्ममा जोडिन पाएकोमा खुसी छु,' उनले भनिन् । उनलाई 'वसन्त' रिलिजपछि पनि वर्षौंसम्म कुरा गरिने फिल्म बन्छ भन्ने विश्वास छ ।

# 'खजुरे ब्रो'मा मेरो 'डाइनामिक' चरित्र छ : महेश त्रिपाठी



काठमाडौं/आर्ट हाउस र कमर्शियल दुवै धारका फिल्ममा आफ्नो उपस्थिति जनाएका अभिनेता महेश त्रिपाठी व्यावसायिक सफलताबाट भने बञ्चित भइरहेका छन् । उनको अभिनयको अक्सर चर्चा भए पनि फिल्मको सफलता महशुस गर्न पाएका छैनन् । अब उनलाई फिल्म 'खजुरे ब्रो'बाट ठूलो अपेक्षा देखिन्छ । यही बैशाख २८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा उनले धरानमा हुर्किएको पात्रको भूमिकामा अभिनय गरेका छन् ।

यसमा आफू निर्देशकको सोचअनुरुप खरो उत्रिएको छु भन्ने महेशलाई लाग्छ । 'खजुरे ब्रो'लाई उनी 'लार्जर देन लाइफ'भन्दा पनि 'रअ' पात्र र कथा खोज्नेहरुको फिल्म मान्छन् । फिल्मले दर्शकको अपेक्षा पूरा गर्छ भन्ने उनको विश्वास छ । 'फिल्मले मनोरञ्जन दिन्छ भन्नेमा म ढुक्क छु । यसमा मेरो धरानमा हुर्केको एउटा 'डाइनामिक' चरित्र छ । निर्देशकको सोचमा म खरो उत्रने प्रयास गरेको छु । निर्देशकले कस्तो चाहनुभएको छ, त्यो चीज मैले दिने प्रयास गरेको छु,' उनले भने ।

उनलाई 'खजुरे ब्रो'मा निभाएको पात्र आफूभन्दा भिन्न छ भन्ने लाग्छ । यसैले दर्शकलाई नयाँ स्वाद लाग्ने उनको विश्वास छ । कलाकारले गर्नुपर्ने धर्म 'खजुरे ब्रो'मा आफूले निभाएको र दर्शकले निराश हुनु नपर्ने उनी बताउँछन् । फिल्ममा पूर्वी नेपालको पात्रमा ढल्न उनले विशेष तयारी समेत गर्नुपरेको थियो । त्यसका लागि उनले २/३ महिनाको समय लगाएका थिए । चरित्रको अध्ययन गरेर त्यसमा आफूलाई ढाल्न गाह्रो भएको उनको अनुभव छ ।

उनी भन्छन्, 'बाह्य रुपमा हेर्दा शारिरिक हाउभाउ र बोल्ने भाषाको कुरा छ । त्यो सिक्ने नै हो । त्यसका लागि चरित्र अध्ययन गर्दै यसरी गर्ने भन्दै जोड्दै बनाउने हो । मनोवैज्ञानिक पक्षमा चाहिँ लेखक/निर्देशकले त्यो पात्रलाई कसरी देखेका छन् भन्ने कुरा हुन्छ । त्यसमा उनीहरुको दृष्टिकोण बुझेर काम गर्नुपर्छ । मैले यो फिल्मको पात्रमा आफूलाई ढाल्न बाह्य र मनोवैज्ञानिक दुवै रुपमा तयारी गरेको थिएँ ।'

महेश अब आफूलाई दर्शकको ठूलो जमातमा पुग्न आवश्यक देख्छन् । त्यसका लागि फिल्मको व्यावसायिक सफलता जरुरी छ भन्ने उनलाई लाग्छ । उनी भन्छन्, 'करिअरका हिसाबले 'मास अडियन्स'मा जानु छ र अलिकति व्यावसायिक सफलता प्राप्त गर्न मन छ, त्यो मलाई आवश्यक छ ।' यद्यपि, उनी आफ्नो कामबाट भने सन्तुष्ट छन् । उनलाई फिल्मको पनि कमी छैन । अहिले उनीसँग ४/५ वटा फिल्म पाइपलाइनमा छन् ।

'खजुरे ब्रो'लाई सुरज सुनुवारले निर्देशन गरेका हुन् । कुनै बेला धरानमा चर्चित मानिएका खजुरे पात्रबाट प्रभावित भएर फिल्म बनेको हो । यो पात्रको भूमिकामा रेअर राई छन् । नीति शाह र नविन मानन्धरको पनि फिल्ममा मुख्य भूमिका छ । नीतिले यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यु गरेकी हुन् । प्रेम, पैसा र सहकारी ठगीको वरिपरि फिल्मको कथा घुमेको छ ।

# पाँच दिनमै बढ्यो अन्डाको भाउ



काठमाडौं/पाँच दिनअघि भाउ घटेर उपभोक्ताले राहत पाए पनि अन्डाको भाउ बढेको छ । १९ वैशाखमा घटाएको कुखुराको अन्डाको भाउ नेपाल लेयर्स कुखुरापालक संघले बढाएको हो ।

संघ अध्यक्ष विनोद पोखरेलले अहिले बजार बिस्तारै बढेकाले किसानलाई राहत दिन भाउ बढाएको दाबी गरे ।

'अघिल्लो वर्ष योभन्दा धेरै बढी थियो, तर बीचमा लामो समय लागत मूल्यमै बेच्नुपऱ्यो । तर, अब फेरि मार्केट बढ्दा हाम्रो भेलाले तोकेर नै बढाएको हो ।'

संघले अन्डाको नयाँ समर्थन मूल्य १९ वैशाख बिहीबार अनुसार मिडियम साइजको प्रतिक्रेट ३ सय ३० रुपैयाँ, ठूलो अन्डा प्रतिक्रेट ३ सय ७५ र सबैभन्दा ठूलो अन्डा प्रतिक्रेट ३ सय ९५ रुपैयाँ तोकेको थियो ।

२४ वैशाख सोमबारबाट मिडियम अन्डा प्रतिक्रेट २० बढाएर ३ सय ५०, ठूलो अन्डा प्रतिक्रेट २० बढाएर ३ सय ९५ र सबैभन्दा ठूलो अन्डा प्रतिक्रेट १५ बढाएर प्रतिक्रेटको ४ सय १० पुगेको छ ।

हप्तैपिच्छे अन्डाको मूल्य थपघट गर्नुमा किसानको लगानी र बजारको अवस्था हेर्नुपर्ने संघ अध्यक्ष पोखरेल बताउँछन् ।

'अहिले अन्डाको बजार बढेको छ । माग बढ्दा किसानका लागि थोरै मूल्य बढाउनु ठूलो कुरा होइन,' पाखरेलले संचारकर्मीसँग भने, 'यही समयमा पोहोर अहिलेभन्दा धेरै मूल्य थियो । तर, त्यसपछि लगातार घटेकाले फेरि बिस्तारै बढाएका हौं ।'

# डढेलो लगाउनेलाई कारबाही गर्न गृहमन्त्रीको निर्देशन



काठमाडौं/उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले डढेलो लगाउनेको खोजी गरी तत्काल कारबाही गर्न निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा आइतबार भएको 'डढेलो र आगोलागी सम्बन्धी आपत्कालीन छलफल'मा आगलागीका ९० प्रतिशत घटना मानवीय कारणले हुने बताउँदै आगो लगाउनेलाई कानूनअनुसार कारबाही गर्न निर्देशन दिए ।

'केही मान्छेका कारण आगलागीले वन र बस्ती सखाप भइरहेको छ । आगलागीले विपद्कै रुप लिइसक्यो । तर, आगो लगाउनेको अक्सर पहिचान हुँदैन । पहिचान भएका पनि कानून मातहत आएका छैनन् होला । वनमा आगो लगाउनु अपराध हो । अपराध गर्नेलाई कानूनअनुसार कारबाही हुनुपर्छ । त्यसतर्फ गम्भीर र सक्रिय भएर लाग्नुहोला' मन्त्री लामिछानेले भने ।

आगो लगाउनेलाई कारबाही र आगो लगाउनेको सूचना दिनेलाई पुरस्कृत गर्नुपर्ने मन्त्री लामिछानेको भनाइ थियो । उनले आगो लगाउने व्यक्तिबारे सूचना भए स्थानीय सरकार, जनप्रतिनिधि, स्थानीय प्रशासन, नजिकको प्रहरी कार्यालयलगायतलाई सूचना दिन अनुरोध पनि गरेका थिए ।

छलफलमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले १० बुँदे कार्ययोजना प्रस्तुत गर्दै 'एककीतृ कमाण्ड सेन्टर' स्थापना आवश्यक रहेको औंल्याएका थिए ।

दुई महिनायता आगोलागीका घटनामा परी ५० जनाको ज्यान गएको, १४० जना घाइते भएको र एक हजारभन्दा बढि घर पूर्णरुपमा नष्ट भएको प्राधिकरणले जनाएको छ ।

वैशाख २१ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २२ औं बैठकले पारित गरेको 'विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि-२०८१' अनुसार आगलागी पीडितले पनि अस्थायी आवास निर्माणका लागि दुई किस्तामा गरी ५० हजार रुपैयाँ अनुदान पाउने छन् ।

# 'पूजार सार्की'मा आर्यन, प्रदीप र पलको सहकार्य कसरी जुऱ्यो ?

काठमाडौं/एक समय समकालीन कलाकारहरुबीच फिल्ममा सहकार्यको 'ट्रेन्ड' थियो । शिव श्रेष्ठ, राजेश हमाल र भुवन केसी हुन् या निखिल उप्रेती र विराज भट्ट नै किन नहुन्, उनीहरुले एकसाथ फिल्ममा काम गरेका छन् । तर, अहिलेका 'स्टार' कलाकारहरु मिलेर काम गर्दैनन् भन्ने भाष्य बनिरहेको छ । यसलाई केही हदसम्म निर्देशक दिनेश राउतले फिल्म 'पूजार सार्की'बाट चिर्ने प्रयत्न गरेका छन् ।

यो फिल्ममा नयाँ पुस्ताका तीन 'स्टार'हरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह मुख्य भूमिकामा छन् । उनीहरु एउटै फिल्ममा सहकार्य गर्न कसरी तयार भए भन्ने जिज्ञासा धेरैमा देखिन्छ । निर्देशक राउतले पनि पहिला स्थापित कलाकारहरु मिल्दैनन् र मिलेर काम गर्दैनन् भन्ने नै सुनेका रहेछन् । तर, आफ्नो टिम र कथाप्रतिको विश्वासले उनीहरुको सहकार्य जुरेको हो भन्ने उनलाई लाग्छ ।

दिनेश भन्छन्, 'स्थापित कलाकारहरु एकआपसमा मिल्दैनन्, एउटै फिल्ममा काम गर्न रुचाउँदैनन् भन्ने मैले पनि धेरै सुनेको थिएँ । तर, मेरो अनुभवमा तीनैजनालाई स्क्रिप्ट सुनाउँदा उहाँहरुलाई फिल्मको टिम र कथाप्रति विश्वास रह्यो र त्यही कारणले नै सहकार्य जुट्यो जस्तो लाग्छ ।' फिल्मको कथालाई दर्शकको ठूलो जमातमा पुऱ्याउन पनि तीन 'स्टार'लाई लिइएको उनको स्वीकारोक्ति छ ।

*(स्रोत: फिल्मीखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# गौरीटारमा पौडी पोखरी र क्रिकेट मैदान निर्माणको लागि शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ लामो समयदेखि अलपत्र बनेको हेटौंडा उपमहानगरपालिका-६, स्थित गौरीटार रंगशाला (केन्द्रीय खेलकुद प्रशिक्षण केन्द्र) मा प्रदेश सरकारले संरचना निर्माण गरिरहेको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आइतबार गौरीटारमा अन्तर ष्ट्रियस्तरको पौडी पोखरी र क्रिकेट मैदानको शिलान्यास गरेका छन् । गौरीटार रंगशालामा धमाधम खेल पूर्वाधार निर्माण भइरहेको हो । २०८२ असार मसान्तभित्र सम्पन्न गर्ने गरी दुवै संरचनाको निमार्ण सुरु भएको प्रदेश खेलकुदका सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए ।



८ करोड ६३ लाखको लागतमा निर्माण हुने पोखरीमा भिआइपी प्यारापिटसहित पोखरी निर्माण हुने शिलान्यासका अवसरमा जानकारी दिइएको छ । ड्रेनसहितको क्रिकेट मैदान पनि निर्माण सुरु भएको छ । ११ करोड ७४ लाखको लागतमा निर्माण हुने क्रिकेट मैदानमा स्केरवोर्ड, ५ वटा पीचसहित प्यारापिट निर्माण हुने बताइएको छ ।

निर्माणको शिलान्यास गर्दै प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले निर्धारित समयमै कार्यसम्पन्न गर्न सम्वन्धित पक्षलाई निर्देशन दिए । गौरीटारलाई प्रदेश सरकारले उच्चप्राथमिकतामा राखेर बजेट बिनियोजन गरेको उनले बताए । प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानले निर्माणकार्यलाई समयमै सम्पन्न गर्न अवश्यक सहयोगका लागि स्थानीयसँग अनुरोध गरिन् ।

केन्द्रीय खेलकुद प्रतिष्ठानकारुपमा विकास गर्ने भन्दै २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले शिलान्यास गरेको गौरीटारमा निर्माणको गति निकै सुस्त थियो । २२ विगाहा १८ कठ्ठा १९ धुर क्षेत्रफलमा फैलिएको रंगशालामा हाल प्रदेश सरकारले ट्र्याक सहितको फुटबल मैदान र प्यारापिटको काम अन्तिम चरणमा पुऱ्याएको प्रदेश खेलकुद सदस्यसचिव भण्डारीले जानकारी दिए ।

उनकाअनुसार रंगशाला भित्र २१ वटा संरचना बन्नेछन् । राष्ट्रिय खेलकुद परिषदले दुईवटा कभर्डहल र खेलाडी छात्राबास निर्माण गरेको थियो । त्यसपछिका योजना परिषद्को बजेटमा नपरेपछि बागमती प्रदेशले निर्माण कार्य अघि बढाएको हो ।

# पशुपतिनाथमा विद्यार्थीको कपाल काटियो

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ पशुपतिनाथ माविले लामो कपाल पालेका विद्यार्थीको विद्यालयमै कपाल काट्न सुरु गरेको छ । आइतबार विद्यालयमा अध्ययन गर्ने ४० जना विद्यार्थीको नि:शुल्क कपाल काटेको विद्यालयले जनाएको छ ।

विद्यार्थीले लामो कपाल पालेर अशोभनीय कार्य गरेको भन्दै विद्यालयमै कपाल काट्ने ब्यवस्था मिलाइएको बताइएको छ । मनहरी गाउँपालिकाले स्थानीय युवालाई कपाल काट्ने सीप सिकाएर स्वरोजगार बनाउने अभियान थालेको छ । गाउँपालिकाको तालिम लिइरहेका युवालाई दक्ष बनाउनका लागि पनि विद्यालयमा लामो कपाल पाल्ने विद्यार्थीको कपाल काट्ने अभियान थालिएको बताइएको छ ।

यसैगरी, पशुपतिनाथ माविमा पाँचवटा विद्यालयका शिक्षकहरुको मधुमेह परीक्षण गरिएको छ । विद्यालय नर्स बबिता ठाकुरले आइतबार शिक्षकहरुको मधुमेह परीक्षण गरेकी हुन् । पशुपतिनाथ माविसँगै श्रृजना प्रावि, चेपाङ प्रावि, नवज्योति प्रावि र बनकरिया इसीडीका शिक्षकहरुको मधुमेह परीक्षण गरिएको विद्यालयले जनाएको छ । २५ जना शिक्षकको मधुमेह परीक्षण गर्दा ४ जनाको औषत भन्दा बढी देखिएको विद्यालय नर्स ठाकुरले बताइन् ।

# मकवानपुरगढीमा सिचाईं आयोजनाको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ मकवानपुरगढी गाउँपालिका-४, स्थित फिर्केपाखा सिचाइ आयोजना निर्माणको शिलान्यास गरिएको छ ।

सिचाईं आयोजनाको आइतबार बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठले शिलान्यास गरेकी छन् । उनले सिंचाई आयोजना कृषिउत्पादनका लागि अपरिहार्य रहेको बताइन् । कृषिउत्पादनमा जिल्लालाई आत्मनिर्भर बनाउन आवश्यक रहेको बताउँदै सांसद श्रेष्ठले गाउँपालिकाको हरेक वडामा व्यवस्थित सिंचाईं आयोजनाको निर्माण गरिनुपर्ने धारणा व्यक्त गरिन् ।



सिंचाई आयोजना शिलान्यास कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, ४ नम्बर वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, नेपाली कांग्रेसका नेता आनन्दराम पराजुली, यतीराज सापकोटा, डिभिजन सिंचाई कार्यालय मकवानपुरका इन्जिनियर रक्षा पोखरेल, समाजसेवी सर्क्लाल लो, उपभोक्ता समिति अध्यक्ष राजाराम मोक्तानलगायतको आतिथ्यता रहेको थियो ।

# बागेश्वरी विद्यालयको अध्यक्षमा मल्ल



साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ मकवानपुरको राक्सिराङ गाउँपालिका-९ कोखारीमा रहेको बागेश्वरी आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्षमा शिवकुमार मल्ल चयन भएका छन् ।

विद्यालयको ५० औं अभिभावक भेलाबाट मल्लको अध्यक्षतामा नयाँ समिति चयन गरिएको हो । विद्यालय व्यवस्थापन समितिको सदस्यमा ललितबहादुर सुनार, अनुषा सुनार, सुकुमाया प्रजा, ओमबहादुर ठकुरी, सुनमाया नेगी रहेका छन् । त्यस्तै विजय सुनारको अध्यक्षतामा शिक्षक अभिभावक संघ गठन गरिएको छ । संघको सदस्यमा प्रकाशसिं ठकुरी, रीता मल्ल, सिंगलाल रुम्बा, शान्ति सुनार र सविना रेग्मी रहेका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन मल्लको अध्यक्षतामा भएको कार्यक्रममा राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा शिक्षिका अप्सरा मल्लले स्वागत गरेकी थिइन् भने प्रधानाध्यापक योगेन्द्रप्रसाद जैसवालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यालयका पूर्वअध्यक्ष भोज विक्रमसिं ठकुरी, शिवकुमार मल्ल, राक्सिराङ-९ का अध्यक्ष रामकुमार वाल्पा थिङ लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# मितेरी साकोसको चौमासिक समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ मकवानपुरको उत्तरीक्षेत्रस्थित ईन्द्रसरोवर गाउँपालिका-५ मा अवस्थित मितेरी बचत तथा ऋण सहकारी संस्थाको दोस्रो चौमासिक समीक्षा तथा अन्तरक्रिया भएको छ ।

कार्यक्रम संस्थाको भवनमा भएको थियो । संस्थाका अध्यक्ष धनराज महर्जनको अध्यक्षतामा समीक्षा कार्यक्रम भएको हो । समीक्षामा आवधिक बचतको व्याजदर विषय, ऐच्छिक बचतको न्यूनतम बचतको विषय, ऋणको किस्ता अवधि हेरफेर गर्ने विषय, सामूदायिक, विकास कोष परिचालन गर्ने विषय, भाखा नाघेका ऋण असुलीको विषय र आव २०८०/८१ को वार्षिक योजना तथा बजेटलाई अनुमोदन गर्ने विषयमा छलफल गरिएको संस्थाका सूचना अधिकारी उमेश बस्नेतले बताए ।





कार्यक्रममा संस्थाका पदाधिकारी, लेखासमिति, ऋण उपसमितिलगायत अन्य उपसमितिका सदस्यको सहभागिता रहेको थियो । संस्थाले ०८१ असार मसान्तसम्म एक करोड ८७ लाख ६२ हजार पाँच सय शेयरपुँजी पुऱ्याउने लक्ष्य राखेको छ । सहकारीले असारसम्म १८ करोड ४१ लाख ६४ हजार १९८ रुपैयाँको कारोबार गर्ने लक्ष्य रहेको संस्थाका व्यवस्थापक सरोज थापामगरले बताए ।

# बागमती प्रदेशका कांग्रेस नेता र जनप्रतिनिधिलाई प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ नेपाली कांग्रेसले बागमती प्रदेश पार्टी र जनप्रतिनिधि विषयक प्रशिक्षण कार्यक्रम गरेको छ । कांग्रेस बागमती प्रदेश प्रशिक्षण विभागले दोलखाको चरिकोटमा दुईदिने प्रशिक्षण गरेको हो ।

बागमती प्रदेश प्रशिक्षण विभागका सचिव रामेश्वर ढकालका अनुसार बागमती प्रदेशका १३ जिल्लाका कांग्रेस नेता तथा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि गरी ४ सयभन्दा बढी सहभागी थिए । कांग्रेस उपसभापति तथा पार्टीको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान प्रमुख पूर्णबहादुर खड्का, कांग्रेस केन्द्रीय सदस्य तथा महिला विभाग प्रमुख पुष्पा भुषाल, बागमती प्रदेश सभापति इन्द्र बानियाँ, प्राध्यापक कृष्ण खनाल, कृष्ण पौडेल लगायतले प्रशिक्षण दिएका थिए ।

उपसभापति खड्काले जनप्रतिनिधि पार्टी र जनताको प्रतिनिधि भएकाले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने बताए । जनप्रतिनिधिमा निर्वाचित गराउनका लागि पार्टीका हजारौं कार्यकर्ताले पसिना बगाएको कुरा पदमा रहेकाहरूले भुल्न नहुने बताए ।

जनप्रतिनिधिले पार्टीसँग सल्लाह नगरी काम गर्दा जनप्रतिनिधि र पार्टीबीच सम्बन्ध बिग्रिंदा पार्टीको संगठन विस्तारमा समस्या हुने गरेको उनको भनाइ थियो । जनप्रतिनिधि र पार्टीबीच तत्तत् निकायमा समन्वय र सल्लाह गरेर अघि बढ्न उपसभापति खड्काको आग्रह छ । यस्तै कांग्रेस केन्द्रीय सदस्य जिपछिरिङ शेर्पाले पार्टीले सरकारमा पटक-पटक एउटै व्यक्ति पठाउँदा संगठन कमजोर हुन पुगेको बताए । त्यस्तै अनुशासन समितिले पर्याप्त रुपमा कारबाही र पुरस्कारको व्यवस्था गर्न नसकेको उनको गुनासो थियो ।

कार्यक्रममा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले जनताले विकास र समृद्धिसँगै सुशासन र जबाफदेही जनप्रतिनिधि खोजेको बताए । कांग्रेस जनताको पार्टी भए पनि तल्लोतहको संगठन र मतदातालाई सही सन्देश दिन नसकेको उनको भनाइ थियो ।

कांग्रेस दोलखाका सभापति बर्मा लामाले प्रशिक्षण कार्यक्रमले कांग्रेसभित्रको न्यूनीकरण गर्न सहयोग पुग्ने बताए । कार्यक्रममा विज्ञले पार्टी र जनप्रतिनिधिको सम्बन्धबारे प्रकाश पारेका थिए ।

# हत्या गरी फरार आले पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ वैशाख/ मकवानपुर जिल्ला अदालतले कर्तव्य ज्यान मुद्दामा जन्मकैद हुने ठहर गरेको शंकर आलेलाई नेपाल प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

करिब २० वर्षअघि एक व्यक्तिको हत्या गरी फरार भएका आलेलाई नेपाल प्रहरीले पक्राउ गरेको हो । केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले ४७ वर्षीय आलेलाई नवलपरासीको देवचुली नगरपालिकाबाट आइतबार पक्राउ गरेको हो । ब्यूरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक होविन्द्र बोगटीका अनुसार तत्कालीन नेपाल सेनाको श्री नम्बर ७ बाहिनी अड्डा मकवानपुरमा कार्यरत रहेका आले समेतका व्यक्तिहरुले व्यक्तिगत रिसिइबीका कारण मकवानपुरको साबिक मार्खु गाविस-४ बस्ने पूर्णबहादुर विष्टलाई मरणासन्न हुने गरी कुटपिट गरेका थिए ।

विष्टको शव २०६१ साल कार्तिक ३० गते मार्खु र चित्लाङको दोसाँधमा फेला परेको थियो । २०७२ साल वैशाख २३ गते मकवानपुर जिल्ला अदालतले ओलेलाई कर्तव्य ज्यान मुद्दामा जन्मकैद हुने ठहर गरेको थियो ।


## साधारणसभा सम्बन्धी सूचना !

यस नारायणी अटो ट्रेड लिंक्स प्रा. लि., हेटौंडाको **२१ औं बार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले यस प्रा.लि.को सम्पूर्ण शेयर सदस्यहरुलाई पत्र पठाइ सकिएको व्यहोरा अनुरोध गर्दै यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछौ ।

**कार्यक्रम:**
मिति :- २०८१ बैषाख २९ गते शनिवार ।
समय :- बिहान ७:०० बजे ।
स्थान :- ना.या.व्य.संघ, हेटौंडाको सभाहल ।

ठाकुर नाथ सुवेदी (प्रबन्ध संचालक)

**नारायणी अटो ट्रेड लिंक्स् प्रा. लि.**
हेटौंडा-४, मेनरोड । फोन नं. ०५७-५२३७८५

## कर्मचारी आवश्यकता

यस युशेस बचत तथा ऋण सहकारी संस्था लि.का लीग करार सेवामा रहने गरी निम्न अनुसार काम गर्ने कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रित पूर्वक निवेदन आह्वान गरिएको छ ।

**विज्ञापन : १/२०८०/०८१**
१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुवै
४. न्युनतम शैक्षिक योग्यता : १०+२ उत्तिर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
७. बान्छनिय योग्यता : कम्प्युटरमा दक्षा तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको
८. प्रारिश्रमिक सुविधा : संस्थाको नियम अनुसार हुनेछ ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली ।
१०. सम्पर्क : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१२. परीक्षा दस्तुर : रु. ५००।
**१३. आवश्यक कागजातहरु :**
क. नागरिकताको फोटोकपी
ख. बायोडाटा
ग. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
घ. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाण पत्रको प्रतिलिपि, लाइसेन्सको प्रमाण पत्रको प्रतिलिपि
ङ. पासपोर्ट साइजको फोटो २ थान
च. दरखास्त दिने स्थान: युशेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय, हेटौंडा-४, पारिजातपथ ।

*थप जानकारीको लागि*

**युशेस बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजतपथ, फोन : ०५७-५२४४४७

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**

हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट







**Ready To Eat**

**हाम्रा विशेषताहरू:**
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना